ADCCN
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
ई-बुलेटिन
e - Bulletin
Vol. 2 [Issue – II] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, August-Sept. 2019 (२०७६ भाद्र)

## "भूकम्प पछिको पुनर्निर्माणमा राजनीतिक प्रतिबद्धताहरु र स्थानीय तहको भूमिका" विषयक

# नीतिगत संवाद





मिति २०७६ भाद्र १८ गते, भूकम्प पछिको पुनर्निर्माणमा राजनीतिक प्रतिबद्धता र स्थानीय तहको भूमिकाबारे जिल्ला समन्वय समिति महासंघ नेपालले मानव अधिकार एलाइन्स, मानवीय जवाफदेहिता अनुगमन अभियान (हामी) संगको सहकार्यमा नीतिगत संवाद आयोजना गऱ्यो । वि.सं. २०७२ को महाभूकम्प पछिको पुनर्निर्माणको अवस्थाबारे राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रस्तुती र मानवीय जवाफदेहिता अनुगमन अभियान (हामी) ले सामाजिक सांस्कृतिक दृष्टिकोणबाट पुनर्निर्माणका चारवर्षमा विभिन्न प्रभावित जिल्लामा गरेको अध्ययन, अवलोकन र स्थानीय तहमा पुनर्निर्माण सम्बन्धमा भएका विभिन्न नीतिगत संवादको संक्षेपिकरण सहितको प्रस्तुतिकरण साथै भुकम्प पछि संघिय नेपालको संविधान अनुसार तीनैतहका चुनावी दौरानमा देशका ठूलापार्टीको भु पम्प पुर्ननिमार्णका प्रतिबध्दताको सार समेत प्रस्तुत गरिएको थियो ।

महासंघ अध्यक्ष श्री सीता कुमारी सुन्दासको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय लालबाबु पण्डित तथा प्रमुख अतिथि राष्ट्रियसभा दीगो विकास तथा सुशासन समितिका सभापति माननीय तारादेवी भट्ट तथा जि.वि.स. महासंघका पूर्व अध्यक्ष एवं ३ नं. प्रदेश सांसद माननीय माधव पौडेल अतिथि सहित विभिन्न संघ/महासंघका विज्ञ तथा पत्रकारको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा सहभागी उपत्यका भित्रका १८ वटै नगरपालिका, तीन वटै जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख र प्रतिनिधि तथा भूकम्प पछि पुर्न निमार्णमा लागेका विभिन्न नागरिक समाजका संजालहरुले आफना कामवाट पुर्न निमार्ण कसरी हुदैछ के अवस्था छ, चुनौती के छ जस्ता कुरामा नीतिगत छलफल गरिएको थियो ।



कार्यक्रमको उद्देश्यबारे आफ्नो स्वागत मन्तब्य राख्दै मानवअधिकार एलाइन्सका तर्फबाट श्री समिर नेपालले भूकम्प पछिको पनर्निर्माण जुन गतिका साथ सम्पन्न हुनुपर्ने थियो त्यति नभएको सन्दर्भमा सबै सरोकारवाला विशेषत स्थानीय तहका निर्वाचित जिम्मेवार पदाधिकारी प्रदेश सरकार तथा पुनर्निर्माण प्राधिकरण समेतलाई एकै ठाउँमा उपस्थित गराएर नीतिगत संश्लेषण गर्ने प्रयोगका लागि जि.स.स. महासंघ नेपाल र मानव अधिकार एलाइन्स (हामी)को आयोजनामा यो नीतिगत संवाद हुँदैछ । यस कार्यक्रमको मुख्य उद्देश्य भनेको यसमा पुनर्निर्माण कुन ढंगले हुँदैछ ? कस्तो हुनुपर्ने ? कस्तो भएको छ ? चाहे जस्तो हुन नसक्नुका कारण केहि भए त्यो विषय बारे प्रष्ट र खुला वहस/छलफल गर्ने नै प्रमुख उद्देश्य हो । कमसेकम अव

आउने जाडोसम्ममा कोही भूकम्प पिडित अस्थायी पालको बासमा बस्न नपरोस भन्ने कामना गर्दछु भन्दै यसको नीतिगत निचोड निकाल्न सबैको सक्रिय सहभागिताका लागि अनुरोध गर्नुभएको थियो ।

भूकम्पछि पुनर्निर्माण हुँदैगर्दा संघीय नेपालको संविधान जारी तथा तीनै तहका सरकारकालागि आम निर्वाचत समेत सम्पन्न भएका थिए । त्यस क्रममा विभिन्न प्रमुख राजनीतिक दलले गरेका राजनीतिक प्रतिवद्धताका महत्वपूर्ण बुँदाहरु कार्यक्रममा पढेर सुनाइएको थियो । जसमाः

### नेकपा(एमाले) र नेकपा(माओवादी केन्द्र), हालः नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ः

- २०७२ को विनाशकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुका पुनर्निर्माण २०७६ सालभित्र सम्पन्न गरिने छ ।
- सुरक्षित र एकीकृत बस्ती विकासका लागि उपयुक्त स्थानका खोजी गरी सकेसम्म धेरै परिवार बसोबास गर्न सक्ने शहरको नक्सांकन सहितको विस्तृत परियोजना तयार गरिनेछ ।

### नेपाली कांग्रेस ः

- स्रोत साधनको शीघ्र व्यवस्थापन एवं संस्थागत सुधार गरी तोकिएको समयमा नै पुनर्निर्माण सम्पन्न गर्न नेपाली कांग्रेस दृढ छ । यी अप्ठ्यारालाई हटाउँदै आगामी आठ महिनाभित्र सबै निजी आवास निर्माण पुरा गर्ने संकल्प हामी गर्दछौं ।

### संघीय समाजवादी फोरम नेपाल

- भुकम्पले प्रभावित गाउँपालिका तथा नगरपालिकाहरुमा भौतिक पुनर्निर्माणमा लगानीका साथै मौलिक स्वरुपमा निर्माण गर्ने घरहरुलाई विशेष अनुदान र एकीकृत बस्ती विकासमा प्रोत्साहित गर्ने
- भूकम्प पीडितहरुका लागि सरकारबाट घोषित अनुदान रकम वृद्धि गर्नुका साथै सहजतापूर्वक पाउने वातावरण सृजना गर्ने ।
- भूकम्पबाट क्षति भएको नेपाल उपत्यकाका सांस्कृतिक सम्पदाहरु सबै २ वर्षभित्र पुनर्निर्मान गर्ने । उपत्यकाका प्राचिन बस्तीहरुलाई नमूना सम्पदा शहरको रुपमा विकास गर्ने ।

### नयाँ शक्ति पार्टी ः

- २०७२ साल बैशाखमा गएको भूकम्प पीडितको लागि विशेष योजना मार्फत एक वर्षभित्र क्षतिग्रस्त बस्तीहरु तथा सार्वजनिक भवनहरुको पुनर्निर्माण गरिसकिनेछ । राज्यको तर्फबाट पीडित परिवारलाई एकमुष्ट रु. पाँचलाख तत्काल अनुदान दिइने व्यवस्था गरिनेछ ।
- कम ब्याजदरमा ऋण तथा कर छुट दिएर भूकम्प पीडितहरुलाई उद्यम, व्यवसाय गर्न सरकारले सहयोग गर्नेछ ।

### विवेकशील साझा पार्टी ः

- २०७२ सालको महाभूकम्पबाट क्षति भएको नागरिकको निजी सम्पतिको उचित क्षतिपूर्ति दिइनेछ । साथै क्षतिग्रस्त सार्वजनिक तथा ऐतिहासिक सम्पदाहरुको यथासक्य चाँडो पुनर्निर्माण गरिनेछ ।



मानव अधिकार एलाइन्सका महासचिव डा. पद्म खतिवडाले नीतिपत्रको विषयवस्तुबारे प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त नीतिपत्रको पुस्तिका सहभागिहरुलाई वितरण गरिएको थियो । यस अघि नीतिपत्रको औपचारिक विमोचन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित तथा राष्ट्रिय सभा सुशासन समितिका सभापति माननीय तारादेवी भट्टले संयुक्त रुपमा गर्नुभएको थियो ।



आफ्नो सम्बोधनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले विपद र त्यसबाट हुने पिडालाई तत्क्षणमा विर्सेर होइन सरकारले आफ्नो प्रतिवद्धताहरु पुरा गरिरहेको छ भन्दै कतिपय प्रक्रिया मिलाउँदा, व्यवस्थापन गर्दा केहि समय तोकिए बमोजिम नभएको भएपनि त्यसबाट विमुख नभएको र पुरागरी छाड्ने कुरा उद्घोष गर्नु भएको थियो । उहाँले महाभूकम्प जाँदा मुलुक निर्वाचित जनप्रतिनिधी विहिन अवस्थामा थियो तैपनि भूकम्प पछिको पुनर्निर्माणमा सरकारले प्रतिवद्धताका साथ संस्थागत संरचना र स्रोत साधन परिचालनको प्रवन्ध मिलाएर पुनर्निर्माणको कार्य गरिरहेको छ भन्दै उहाँले सामाजिक संजाल अभिमत प्रकट गर्ने साधन भएपनि हाम्रो देशमा बढिनै दुरुपयोग भएकोले कतिपय वास्तविकता र सत्य तथ्यलाई तोडमोड र गलत प्रचार गरिएको छ भन्नुभयो ।

वि.सं. २०७२ को भूकम्प जाँदा आफू मन्त्री पदमा भएको संस्मरण गर्दै उहाँले भूकम्प गएको १ घण्टा भित्रै मन्त्रीपरिषदको आपत्कालिन बैठक बसी राहत उद्धारबारे निर्णय भएको तथा प्राकृतिक विपत्ती र जनधनको सुरक्षा प्रति संवेदनशिल हुने अभ्यास बढेकाले हालैका बाढी पहिरो, दुवानमा सरकारले सबै तहबाट एकिकृत सेवा संचालन गरि प्रभावकारी कार्य गरेको थियो भन्दै विपदमा व्यक्ति व्यक्ति स्थानीय तह सक्रिय भएकोले संघ र प्रदेशलाई विना आग्रह नागरिकको सुरक्षा व्यवस्था प्रभावकारी भएकोमा गर्व गर्नु भएको थियो । जनप्रतिनिधीमूलक संस्था ले वाहेक विपदमा परेकाहरुका नाममा सहयोग र चन्दा संकलन गरी दुरुपयोग गर्ने गिरोह पछिल्लो समय निष्क्रिय बनेको उल्लेख गर्दै सबै नगर प्रमुख तथा जनप्रतिनिधीलाई जनपक्षिय निर्णयगरी कार्य कुसलता देखाउन आग्रह गर्दै आफू संधै सहयोगी हुने वचनवद्धता जाहेर गर्नुभएको थियो । साथै उहाँले राज्यस्रोतको दुरुपयोग गर्ने नक्कली पिडा देखाएर सरकारलाई वाध्यपार्ने प्रवृत्ति बढेको तर्फ सतर्क हुन सबै स्थानीय नेतृत्वलाई सचेत समेत गराउनु भयो । उहाँले यस कार्यक्रमले निकालेको निचोड प्रतिवेदन सहित आओस । के के सुधारगर्नु पर्छ, कस्तो र कति स्रोत साधन आवश्यक पर्छ आफू त्यसको लागि क्रियाशिल हुने समेत बताउनु भयो ।



कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सहप्रवक्ता उपसचिव मनोहर घिमिरेले प्राधिकरणको कार्य प्रगतिबारे तथ्य र तथ्यांक प्रस्तुत गर्नुहुँदै भुकम्पपछिको पुनर्निर्माण स्वप्रेरित कार्य हो भन्नुभयो । उहाँका अनुसार संकलित तथ्यांक अनुसार करिव आठलाख निजी घर निर्माण हुनुपर्नेमा करिव पाँचलाख बनिसकेका र अरु बन्दै गरेको बताउनु भयो । उपत्यकाको हकमा पुनर्निर्माणमा ढिलाई भएको छ भन्दै उहाँले पुरानो शहर, घरजग्गाको स्वामित्व किटानमा समस्या तथा अंशवण्डामा कोठा कोठामा परिवार भएकाले पिडित पहिचान तथा सहयोगको व्यवस्थापन चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो । यसका साथै प्राधिकरणमा लाभग्राही छुटेको उजुरी परेको तथा त्यसको छानविन हुँदैगर्दा

अझ निजी आवास निर्माण गर्नुपर्ने अनुमान भन्दा करिव ५० अरव थप रकम आवश्यक पर्ने देखिएको छ ।

सांस्कृतिक धरोहर र सम्पदा निर्माणमा ढिलाई हुनुमा आवश्यक निर्माण सामाग्रीको जोहोगर्न, पुरानो ढाँचा शैलीमा निमार्ण गराउन दक्ष कामहरुको अभाव तथा सरकारी निर्णयको ढिलाई पनि कारकतत्व बनेको छ, उहांले औंल्याउनु भयो । उपत्यकामा निजी आवासका लागि एकलाख चार हजार (१०४,०००) लाभग्राही पहिचान भएका मध्ये करिव ३० हजारले मात्र तेस्रो किस्ता लिएका छन् । अर्थात करिव ३३ प्रतिशत घरमात्र बनेको अवस्था छ । अहिलेको अवस्थामा झण्डै कुल आठलाख मध्ये २७ प्रतिशत घर पुनर्निर्माणहुन बाँकी छन् । पुरातात्वीक सम्पदा क्षति कुल ७५६ मध्ये ४६० वटा उपत्यका भित्रका छन् । जसमध्ये २३१ वटा पुनर्निर्माण सम्पन्न भएको त्यसमा ८६ वटा विश्व सम्पदा सूचीमा रहेको सम्पदा छन् । यसतै समयानूसार नितिगत सुधार गरिएका अनुदान दिने सुचि मिलाउने, गुनासा सुन्ने तथा क्षतिलाई अन्तिम बिन्दुमा एकिनगर्ने सम्बन्धमा अद्यावधिक हुन अवगत गराउनु भएको थियो । छलफलका क्रममा सहभागिले प्राधिकरणले चाडो गरेर स्थानीयतहका सरोकारवाला सहितको संवाद गराएर पुनर्निर्माणलाई गतिदिन सुझावहरु दिइएका थिए ।



राष्ट्रिय सभा दिगो विकास तथा सुशासन समितिका सभापति माननीय तारादेवी भट्टले भुकम्प र अरु प्राकृतिक विपत्तीकालागि दीर्घकालिन रणनीति बनाएर कार्यान्वयन गर्न आफ्नो समितिले सुझाएको बताउँदै, पुनर्निर्माण प्राधिकरणलाई पनि पटक पटक बोलाएर अवस्था पहिचान, समस्या पहिचान तथा समाधानका लागि पहल भइरहेको वारे जानकारी गराउँदै वातावरण परिवर्तनका जोखिम न्यूनीकरण, वातावरणमैत्री निमार्णमा सबैको साथ र चासो हुनुपर्छ भन्ने उहाँको निश्कर्ष थियो । कार्यक्रममा सहभागि नगरप्रमुख। उपप्रमुखहरु तथा अन्य सरोकारवालाहरुले आफ्नो स्थानीय तहका पुनर्निर्माण, समस्या र चुनौतीबारे प्रस्तुति र प्रश्नोत्तर गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेश मामिला समिति सभापति माननीय माधव पौडेलले पुनर्निर्माणको काममा नक्कली लाभग्राही बनेर ठगि गर्नेलाई कारवाही गरेर सार्वजनिक गर्नु पर्छ भन्नु हुँदै राज्यले दिने अनुदान एकमुष्ठ दिँदा प्रभावकारी हुने सुझाव दिनुभयो । उहाँले Restro Fitting प्रभावकारी नभएको तथा वास्तविक पिडितलाई पुनर्निर्माण सहयोग साथै



जीविकोपार्जनमा सहयोग गर्ने भनिए पनि प्राधिकरणले सो नगरेको तर्फ ध्यानाकर्षण गराउनु भएको थियो । उहाँले पुनर्निर्माण नेपाली कला संस्कृती र मौलिकतालाई यथोचित ध्यान दिएर निजी आवास बनाउन सघाउनु पर्ने बताउनुभयो । कार्यक्रममा काठमाण्डौं जि.स.स., ललितपुर जि.स.स. प्रमुखहरुले उपत्यकाको पुनर्निर्माण आफूहरुले पनि अनुगमन गरीरहेको बताउँदै प्राधिकरणले बनाएका निती नियम र सहुलियतबारे स्थानीय तह र समुदायमा पर्याप्त जानकारी दिने कार्य गर्न जरुरी भएको बताउनु भयो । उहांहरुले धेरै राम्रो काम र सम्भावना भएर पनि जवाफदेहिता बढाउन, सुशुचित गराउने कार्यमा ध्यान दिनुपर्नेमा जोड दिनु भएको थियो । गै.स.स. महासंघका अध्यक्ष जीतराम लामा, जि.स.स. झापाका प्रमुख सोमनाथ पोर्तेलले राजनीतिक पार्टीका जिम्मेवार नेता आफ्नो प्रतिवद्धता प्रति जवाफदेही हुनपर्ने माग गर्नुभयो । कार्यक्रममा राजनितिक पार्टी प्रतिनिधि हुनुपर्नेमा उहांहरुको मागथियो ।



कार्यक्रमको समापन जि.स.स. महासंघ नेपालका अध्यक्ष श्री सीता कुमारी सुन्दासले महत्वपूर्ण विषयको प्रस्तुती र विचार विमर्शको ब्यवस्थापन निकै कठिन भएपनि छोटो समयमा सहभागिहरुका चासो र सुझावबाट पुनर्निर्माणबारे हालको अवस्थाको नतिगत ब्यवस्था र कार्यान्वयका शैली वारेको विश्लेष्णात्मक सुझाव, सल्लाहले भावी नितीका लागि ठूलो योगदान पुग्ने छ भन्दै सबैलाई धन्यबाद ज्ञापन गनुभयो । उहाँले मानविय पक्षबाट विपतको ब्यवस्थापन गर्न धेरै विषयको जरा तहसम्म पुगेर अवस्था पहिचान तथा समाधानका लागि सामाजिक सांस्कृतिक दृष्टिकोणको निती संवाद र त्यसको दस्तावेजीकरणका लागि मानव अधिकार एलाइन्स (हामी) ले गरेको राम्रो कार्यको प्रसंसा गर्दै धन्यबादको पात्र छ भन्नुभयो । यस्ता विषयमा आगामी दिनहरुमा पनि महासंघ सबै सरोकारवालासंग सहकार्य गर्न तत्पर छ । यसलाई अझ विस्तृत र ब्यापक सहकार्यको रुपमा विपद न्यूनिकरणका लागि हाम्रा प्रयासले सरकारलाई मद्दत पुग्ने विश्वासका साथ कायक्रम समापन गर्नुभएको थियो ।

# झापा जिल्ला समन्वय समितिद्वारा स्थानीय तहका न्यायिक समितिसँग अन्तरक्रिया

जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलज्यूको अध्यक्षतामा जि.स.स. झापा र मानव अधिकार मञ्च नेपाल इलामको संयुक्त आयोजनामा स्थानीय तहका न्यायिक समितिले गरिरहेको कार्यहरुको प्रभावकारिताबारे सरोकावालाहरुसँग अन्तरक्रिया कार्यक्रम कार्यक्रम २०७६ भाद्र ११ गते सम्पन्न भएको छ । कार्यक्रममा स्थानीय तहका उप-प्रमुखहरुले न्याय सम्पादनका क्रममा आएका समस्याहरु, न्याय सम्पादनकालागि बनेका ऐन, कार्यविधिका विषयमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

न्याय निरुपण गर्ने क्रममा आवश्यक कर्मचारी र इजलासको अभाव भए पनि विर्तामोड नगरपालिका जिल्लाकै उत्कृष्ट भएको विर्तामोडकी उप-प्रमुख पवित्रा महतरा प्रसाईंले बताउनुभयो । कन्काइ नगरपालिकाकी उप-प्रमुख मञ्जु प्रसाईं तथा कमल गाउँपालिकाका उप-प्रमुख बेनु शिवाकोटीले नगरमा आउने मुद्दामध्ये धेरै मेलमिलाप गरी समाधान गरिएको बताउनुभयो । कार्यक्रममा इजलासको अभाव, कानुनी




सल्लाहाकार एवम् न्यायिक समितिका पदाधिकारीको पारिश्रामिकको विषय अन्योल रहेकाले न्याय निरुपणमा समस्या भइरहेको सहभागीहरुले बताएका थिए ।

कार्यक्रमको अध्यक्ष समेत रहनु भएका जि.स.स. प्रमुख सोमनाथ पोर्तेलले स्थानीय जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आगामी दिनमा पनि निरन्तर लागिरहने बताउनुभयो ।

# स्थानीय कानुन निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम




मिति २०७६ भाद्र १७ गते, जिल्ला समन्वय समिति झापाको आयोजनामा समन्वय प्रमुख सोमनाथ पोर्तेलज्यूको अध्यक्षतामा महान्यायधिवक्ता अग्नि खरेल प्रमुख आतिथ्यतामा झापाको चन्द्रगढीमा आयोजित **"स्थानीय कानुन निर्माण सम्बन्धी अन्तरक्रिया"** कार्यक्रम सम्पन्न भएको थियो । महान्यायधिवक्ता अग्नि खरेलले संविधान, संघीय र प्रदेश सरकारसंग नबाझिने गरी कानुन नबनाउन सुझाव दिनुभयो। पालिकाहरुको कानुन बनाउँदा राम्रो र क्षमतावान वकिलको नियुक्त गर्न अनुरोध गर्नुभयो ।

उहाँले स्थानीय तहले संविधान र कानुनलाई पन्छाएर गरिएको काम न्यायपूर्ण नहुने बताउदै लत्रिएर नभई ठिङ्ग उभिएर कानुन सम्बतः जनप्रतिनिधिले काम गरे जनताको मनमा बस्न सकिने बताउनुभयो ।

झापाका १५ पालिकामा प्रत्येकको हालसम्ममा १० वटा भन्दा बढी ऐन नबनेको बताउँदै जिल्ला समन्वय समितिका प्रमुख सोमनाथ पोर्तेलले जनप्रतिनिधिलाई कान्नु बनाउन सहजता प्रदान गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कतिपय पालिकाहरुले ऐन बनाए पनि नियमावली नबनाउँदा कार्यान्वयनमा समस्या उत्पन्न भइरहेको र प्रत्येक पालिकामा विधेयक समिति बने पनि कानुन निर्माणबारे पर्याप्त ज्ञान नहुँदा ऐन बनाउन ढिलो भएको बताउनुभयो ।

कार्यक्रममा दमक नगरपालिकाका प्रमुख रोम ओलीले ऐन बनाउने बारेमा पर्याप्त प्रशिक्षण र विज्ञको अभाव हुँदा समस्या भइरहेको बताउनुभयो । "अहिले स्थानीय तहहरुमा कानुन बनाउने विज्ञ छैन" उहाँले भनुभयो, "विज्ञ अभाव सगै संघीय र प्रदेश सरकारले समन्वय गर्न नसक्दा स्थानीय तहले सोचे जस्तो कानुन बनाउन सकिरहेको छैन ।"

भद्रपुर नगरपालिका उप-प्रमुख चन्दामाया श्रेष्ठले स्थानीय तहलाई चाहिने केही कानुन बाहेक अरू कानुन बनाउन नसकिएको बताइन् । कृषि, भूमि, उद्योग, कलकारखाना, स्वास्थ्य, शिक्षाको कानुन स्थानीय तहलाई आवश्यक रहेको बताउँदै उहाँले भन्नुभयो, "जग्गा सम्बन्धी कानुन नबन्दा स्थानीय तहमा भुमाफिया बिगबिगी बढ्न थालेको छ, यसले स्थानीय तहको काम कर्तब्यमा असर पारिरहेको छ ।"

कार्यक्रममा १५ पालिका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र विधेयक समितिका पदाधिकारीको उपस्थिति रहेको कार्यक्रममा प्रदेश सांसद बसन्त बानियँ, नेपाल कम्यूनिष्ट पार्टीका सदस्य शिव ढुंगेल लगायतले मन्तब्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन निमित्त जिल्ला समन्वय अधिकारी गोपाल लिम्बुले गरेका गर्नुभएको थियो ।



# नेपाल-भारत सहयोग स्कूल भवन समुद्घाटन समारोह



श्री स्कूलचौन माध्यामिक विद्यालय, गौरादह नगरपालिका - ५ को नवनिर्मित भवन जिल्ला समन्वय समिति झापा का प्रमुख सोमनाथ पोर्तेलज्यू को उपस्थितिमा महान्यायधिवक्ता अग्नि खरेल तथा भारतीय राजदुत मंजीव सिंह पुरीले संयुक्त रुपमा उद्घाटन गर्नुभयो । भारत सरकारको रु. ३ करोड ५७ लाख रुपैयाँ अनुदानमा निर्मित भवनमा २५ कोठा छन् । सन् १९६५ मा प्राथमिक विद्यालयबाट सुरु भई सन् २००८ मा उच्च माध्यामिक विद्यालय बनेको उक्त विद्यालयमा हाल ११५० विद्यार्थी रहेको र त्यसमा ६० प्रतिशत छात्रा रहेका छन् । प्रमुख अतिथि महान्यायधिवक्ता खरेलले आफूले कखरा सिकेको विद्यालय सुविधा सम्पन्न भवनले विद्यार्थीको मनोबल बढेको बताउनुभयो । उहाँले भवनको सम्पूर्ण जिम्मेवारी विद्यालयकै भएको बताउँदै यसको मर्मत सम्भारमा समेत ध्यान दिन आग्रह गर्नुभयो ।

राजदुत मंजीव सिंह पुरीले नवनिर्मित सुविधा सम्पन्न पूर्वाधार सगै शिक्षाको गुणस्तरमा समेत बृद्धि हुने तथा विद्यार्थीलाई सहज रुपले अध्ययन गर्न र शैक्षिक क्षेत्रमा समेत सहयोग पुग्ने बताउनुभयो । औपचारिक कार्यक्रममा सविधानसभा सदस्य दिपक कार्की, गौरादह नगरपालिका मेयर रोहित कुमार शाह लगायतको उपस्थिति थियो ।

# जि.स.स. दोलखाको तेस्रो जिल्ला सभा सम्पन्न




२०७६ भाद्र १३ गते, जिल्ला समन्वय समिति दोलखाका प्रमुख श्री डबल पाण्डेज्यूको अध्यक्षतामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय गोकर्ण विष्टको प्रमुख आतित्थ्यतामा तेस्रो जिल्ला सभा सदरमुकाम चरिकोटमा सफलताका साथ सम्पन्न भयो । कार्यक्रमको उद्घाटन मन्त्री गोकर्ण विष्टले गर्नुभएको थियो । संवृद्ध दोलखाको आधार, जलस्रोत पर्यटन व्यवसायीक कृषी र पुर्वधार भन्ने नारा सहित जिल्ला समन्वय समिती दोलखाले आयोजना गरेको तेस्रो जिल्ला सभामा प्रतिनिधि सभाका सासद पार्वत गुरुङ, पुर्व पर्यटन मन्त्री आनन्द प्रसाद पोखरेल, पूर्वराज्य मन्त्री देवी खड्का, ३ नं. प्रदेशका सांसदहरु पशुपति चौलागाई, रचना खड्का, भीमेश्वर नगरपालिकाका मेयर भरत बहादुर के.सी, नेपाल कम्युनिष्ट पार्टीका नेकपा दोलखा सचिव गोपाल पाण्डे, नेपाली काङग्रेस दोलखाका महासमिति सदस्य केशवराज चौलागाई, जिल्ला सहकारी संघ दोलखाका अध्यक्ष हेमन्त चौलागाँई, प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजाल, जिल्ला समन्वय समिति दोलखाका उप-प्रमुख मनमाया जिरेल, सामुदायिक रेडियो प्रसारक संघका कोषाध्यक्ष लक्ष्मण खड्का लगायत जिल्ला स्थित ९ वटै स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, तथा विभिन्न राजनैतिक दलको सक्रिय सहभागिताका साथ सबैले सम्वोधन गर्नु भएका थियो ।

सभामा जिल्ला समन्वय समिति दोलखाका प्रमुख डवल पाण्डेले जिल्ला समन्वय समिति दोलखाको गत आर्थिक वर्ष २०७५/०७६ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नु हुदै आ.व. २०७५/०७६ मा रु. ५ करोड ६४ लाख ३८ हजार खर्च गरेको जानकारी गराउनु भएको थियो । उक्त सभाले जिल्लाको कुनै पनि भागमा बाढी पहिरो, आगलागी, भू-क्षय जस्ता प्राकृतिक प्रकोप र विपदको अवस्थामा सबै स्थानीय तहले मिलेर सहयोग गर्ने, जिल्लाको ९ वटै पालिकाका वडाहरु, पालिकाहरु र जिल्लालाई अर्गानिक जिल्ला घोषणा गर्ने, खाडी चौउर देखि चरिकोट सम्मको सडक निर्माणमा ढिलासुस्ती गर्ने ठेकेदारलाई तत्काल कार्य सम्पन्न नगरे कारवाही गर्ने, लगायतका २९ बुँदे प्रतिवद्धता समेत जारी गरेको छ ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले जनताले महशुस हुने गरी वर्तमान सरकारले काम गर्ने बताउनु भएको छ । सरकार प्राकृतीक स्रोत र साधनको समुचित प्रयोग गरी उत्पादनमा विशेष जोड दिई रहेको समयमा तामाकोशी तेस्रो जस्ता गौरवको आयोजनाहरु कम क्षमतामा उत्पादन गर्ने सरकारको मनसाय नभएको र कुनै आशंका नगर्नका लागि आग्रह गर्नु भएको थियो । ६५० मेगावाट क्षमताको तामाकोशी तिन जलविद्युत आयोजना सरकारले क्षमता घटाएर २०० मेगावाट क्षमतामा निर्माण गर्न लागेको भन्ने हल्ला मात्र भएको र आधिकारीक रुपमा सरकारको तर्फबाट कतै पनि सम्झौता नभएको स्पष्ट पार्नु भयो । सरकारले चुनावको समयमा जनताका सामु गरेका वाचा पूरा गरेरै छाड्ने वताउनु भएको थियो । जनताको मन खुम्च्याउन नपर्ने गरी सरकारले काम गरिरहेको र उक्त कामलाई स्थानीय तहले प्रभावकारी रुपमा गर्नु पर्ने समेत बताउनुभयो । जनताले पाउने आधारभूत सेवा नजिकैबाट प्रदान गर्न सरकार कटिवद्ध रहेको, देश विकासको प्रारम्भिक चरणमा रहेको अहिलेको अवस्थामा धेरै क्षेत्रमा आधुनिक ढंगले विकास गर्दै लैजानु पर्ने औल्याउँदै स्थानीय तहको क्षेत्रमा तीव्र विकासको आवश्यकता रहनुका साथै समय सापेक्ष रुपमा स्थानीय तहले काम गर्नु पर्ने भन्दै उहाँले दोलखाका स्थानीय तहहरुलाई जनताको आधारभुत्त आवश्यकताको आधारमा काम गर्न समेत अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा दोलखावाट प्रतिनिधि सभा सदस्य माननीय पार्वत गुरुङले देशले हरेक वर्ष व्यापार घाटा व्यहोरी रहेको अवस्थामा स्थानिय तहहरु आत्म निर्भर बन्नका लागि संभाव्यता अध्ययन गरि हरेक गाँउपालिका तथा नगरपालिकाले उत्पादनमा जोड दिनुपर्ने बताउनु भयो । जिल्ला समन्वय समिती दोलखाका प्रमुख डवल पाण्डेले जिल्लाको समग्र राजनैतिक, आर्थिक, पर्यटकीय, सामाजिक लगायतका विषयमा मन्त्रि विष्टलाई जानकारी गरानु भएको थियो ।

कार्यक्रममा पुर्व मन्त्री तथा नेपाल कम्युनिष्ट पाटी दोलखाका इन्चार्ज देवी खड्का, पूर्वमन्त्री आनन्द पोखरेल, प्रदेश सभा सदस्य पशुपती चौलागाँई, रचना खड्का, गाउँपालिका महासंघ ३ नं प्रदेशका संयोजक इश्वर चन्द्र पोखरेल, भिमेश्वर नगरापलिका मेयर भरत बहादुर के सी लगाएतले शुभकामना व्यक्त गर्नु भएको थियो ।



# जिल्ला समन्वय समिति दोलखाको
# आगामी आर्थिक वर्ष २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम

संविधानको धारा २२० को उपधारा (७) (क), (ख), (ग) र (घ) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ बमोजिम जि स स दोलखाको आ ब २०७६।७७ को कार्यक्रम निम्नानूसार छन्ः

**नितिः**

**(क) गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने ः**
**(ख) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय एवं गाँउ/नगरपालिका बीच समन्वय गर्ने**
**(ग) विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने**
**(घ) क्षमता विकास तथा तथ्यांक अध्यावधिक सम्वन्धि कार्य गर्ने**
**(ङ) संघीय सरकार र प्रदेश सरकारले तोके बमोजिमका कार्यहरु गर्ने**
**(च) जिल्लामा संचालित सामाजिक तथा आर्थिक विकासका परियोजना का स्थानीय गैसस तथा अन्तरराष्ट्रिय संस्थाहरुको नियमन, सहजिकरण तथा समन्वय गर्ने ।**

**कार्यक्रमः**

१. संघीय सरकार, प्रदेश सरकार र विकासका साझेदारहरुसँग समन्वय गरी स्थानीय तहहरुको मागको आधारमा जनप्रतिनिधिहरु त्था विकास निर्माण कार्य र उत्पादनमा संलग्न समूहहरुको क्षमता विकास सम्वन्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ । साथै वेरोजगार युवाहरुलाई लक्षित गरी सबै पालिकाहरुसँग समन्वय गर्दै सीपमुलक तालिम कार्यक्रमहरु क्रमशः सञ्चालन गर्ने नीति लिईने छ ।

२. दोलखाका स्थानीय तहहरु र जिससले गरेका क्रियाकलापहरुको गुणस्तरीयता, पारदर्शिता र जवाफदेहितालाई सुशासनयुक्त र मजवुत वनाउन, लोकतन्त्रको मर्म अनि भावना अनुसार नागरिकले सूचना पाउने हकको सुनिश्चितताका लागि सबै स्थानीय तहहरुको समन्वयमा जिससले त्रैमासिक रुपमा ई वुलेटिन प्रकाशन गर्ने ब्यवस्था मिलाईने छ ।

३. संघ, प्रदेश, स्थानीय तहहरु र विकासका साझेदारहरुबीचमा जिससको समन्वयकारी भूमिकालाई थप प्रभावकारी र सकृय बनाउदै सबै तहहरुबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा निरीक्षणलाई ब्यवस्थित र नतीजामुखी बनाईने छ ।

४. मुलुकको सर्वाङ्गिण विकासमा सबै क्षेत्र, वर्ग, तह र तप्काको सहभागिता अभिवृद्धि गर्दै सर्वाङ्गिण विकास, सशक्तिकरण र उद्यमशिलतालाई थप प्रभावकारी बनाउन स्थानीय तहहरुको समन्वयमा जिल्लास्तरीय, अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कृषि प्रदर्शनीको आयोजना, कला-संस्कृति तथा शैक्षिक मेलाको आयोजना गर्ने ब्यवस्था मिलाईने छ ।

५. नदिजन्य पदार्थ गिट्टी, ढुंगा, बालुवा, रोडा जस्ता निर्माण सामाग्रीहरुको उत्खनन्, संकलन, विक्रि वितरण र ब्यवस्थापनमा स्थानीय तहहरुलाई आवश्यक समन्वय र सहजीकरण गरी विकास निर्माण कार्यमा सहजता ल्याईने छ । तर गैर कानुनी रुपमा हुने प्राकृतिक श्रोतको दोहन, उत्खनन्, संकलन र ओसारपसार जस्ता कार्यको नियन्त्रण गर्न आवश्यक प्रवन्ध मिलाईने छ ।

६. जिल्लालाई खुला दिसामुक्त जिल्ला (ODF) घोषणा भैसकेको परिप्रेक्षमा स्थानीय सरकारको अगुवाई र जिससको समन्वयमा सरसफाईको क्षेत्रमा काम गर्ने नागरिक संस्थाहरु, प्रदेश सरकार र संघीय सरकारको सहयोगमा पूर्ण सरसफाइ सम्वन्धि क्रियाकलापहरुलाई वढावा दिदै आगामी ५ वर्षभित्र पूर्ण सरसफाईयुक्त जिल्ला घोषणा गर्न प्रयत्न गरिनेछ ।

७. नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरुप सबै स्थानीय तहहरुले वालमैत्री, लैंगिक मैत्री, अपाङ्ग मैत्री, वातावरण मैत्री, पूर्ण खोपयुक्त, पूर्ण साक्षरता अभियान जस्ता क्रियाक्रलापहरु सञ्चालन गर्न जिससको तर्फबाट आवश्यक समन्वय र सहजीकरण गरिने छ ।

८. वालवालिकाको अधिकार सुनिश्चित गर्नको लागि आगामी ३ वर्षभित्रमा दोलखा जिल्लाका सबै पालिकाहरुलाई वालमैत्री पालिका घोषणा गर्न सहजीकरण गर्दै २०७७ असाढ मसान्तभित्र दोलखा जिल्लालाई वालमैत्री जिल्ला घोषणा गर्न प्रयत्न गरिनेछ ।

९. नेपाल सरकारले नेपाल भ्रमण वर्ष २०२० मनाउने घोषणा गरेको छ । उक्त भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने गरी विशेष कार्यक्रम घोषणा गरेको परिप्रेक्षमा दोलखा जिल्लामा भ्रमण वर्ष अभियानलाई प्रभावकारी बनाउन जिससको तर्फबाट विभिन्न तहहरुसँग पूर्ण समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१०. समन्वय, अनुगमन, सन्तुलित विकास र क्षमता विकास सम्वन्धि कार्यहरु ः

---


**घडा दशैं २०७६, नेपाल सम्वत् ११४०,**

**शुभ दिपावली** तथा **छठ** पर्वको पावन अवसरले देश र देशवासीमा सुख, शान्ति, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला समन्वय समिति महासंघ नेपाल परिवार ।**

# संखुवासभा जिल्ला समन्वय समितिको दोस्रो जिल्ला सभा तथा वार्षिक समिक्षा बैठक सम्पन्न



जिल्ला समन्वय समिति संखुवासभाको दोस्रो जिल्लासभा तथा वार्षिक समिक्षा बैठक २०७६ श्रावण १३ र १४ गते भव्यताका साथ सम्पन्न भएको छ । जिल्ला समन्वय समिति संखुवासभाका प्रमुख सुमन शाक्यज्यूको अध्यक्षतामा भएको दोस्रो जिल्लासभा तथा वार्षिक समिक्षा कार्यक्रम राष्ट्रियसभा विधायन व्यवस्थापन समितिका सभापति माननीय परशुराम मेघी गुरूङज्यूको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा प्रतिनिधि सभा सदस्य माननीय राजेन्द्रप्रसाद गौतम तथा प्रदेश नं. १ का प्रदेशसभा सदस्यद्वय माननीय पूर्णप्रसाद राई र माननीय सरिता खड्काको विशेष आतिथ्यता रहेको थियो ।

प्रमुख अतिथि र बिशेष अतिथिहरुज्यूहरुले जिल्लाको समग्र विकासमा आफुहरु लागिपर्ने र सवै सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्यमा समृद्ध जिल्ला निर्माण गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्यले जिल्ला समन्वय समिति संखुवासभाले हालसम्म गरेका कार्यहरू तथा आगामी दिनमा गरिने कामहरूको बारेमा जानकारी गराउनु भएको थियो । उहाँले हाल जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न, विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्ने कार्यमा विशेष भूमिका रहेको व्यक्त गर्नुभयो । कानुनले निर्दिष्ट गरेका सम्पूर्ण कार्यहरू गर्न जिल्लासमन्वय समिति सदैव लागि रहने उहाँले बताउनु भयो ।

विश्वकै होचो समुद्री सतहदेखि ४५७ मिटरमा रहेको अरुण उपत्यकादेखि विश्वकै पाँचौं अग्लो ८४६३ मिटरको मकालु हिमाल रहेको यो जिल्ला प्राकृतिक छटाले सुशोभित र भरिपूर्ण जिल्ला हो । यहाँका हरेक स्थानीय तहहरूलाई पर्यटकीय दृष्टिले चिनाउन जिल्ला सभाको बैठकबाट प्रत्येक पालिकामा कम्तीमा एउटा पर्यटकीय स्थलको छनोट गरी त्यसको विकास गर्न सभाका सम्पूर्ण सदस्यहरू सहमत हुनुभयो ।

स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता विकासका लागि विभिन्न तालिमहरूको आवश्यक्ता पहिचान गरी सोको प्रबन्ध गर्न स्थानीय प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गर्ने निर्णय भयो । योजना तर्जुमा र वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद तथा अनुगमन, ऐन कानुनको निर्माण, न्यायिक समितिको क्षमता अभिवृद्धि, सुशासन व्यवस्थापन र राजस्व परामर्श सम्बन्धी तालिमको आवश्यक्ता महशुस गरिएको छ।

जिल्लामा उत्पादित रूद्राक्ष सम्बन्धी सम्पूर्ण कारोबार गर्नका लागि स्वदेशी तथा विदेशी व्यवसायीहरूलाई स्थानीय तहको नियामानुसारको अनुमति पत्र लिई जिल्लाभित्र व्यवसाय गर्ने दिने निर्णय भयो । क्रसर उद्योग सञ्चालन सम्बन्धी विद्यमान कानुन संसोधन गरी हिमाली जिल्लामा समेत स्थापना गर्न सहज व्यवस्थाका लागि प्रदेश र संघमा माग गर्ने निर्णय भयो ।

जिल्लाका विभिन्न स्थानीय तहहरूमा देखिएको बाँदर आतंक समाधान गर्नका लागि कानुनी, प्राविधिक विधि र प्रक्रिया जिल्ला समन्वय समितिको नेतृत्वमा खोजी गरी बाँदर नियन्त्रण कार्यक्रम अभियानको रूपमा सम्बन्धित पालिकाहरूमा सञ्चालन गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय समितिमा रहेको मौज्दात कोषबाट जिल्ला समन्वय समितिको मौज्दात कोष निर्देशिका, २०७५ को अधिनमा रही जिल्लाका प्रत्येक स्थानीय तहबाट चालीस लाख बराबरका योजनाहरू माग गरी समितिले स्वीकृत गरी कार्यान्वयन गर्ने र यसै कोषबाट जिल्ला समन्वय समितिको सभाहल तथा पाहुना घर मर्मत संभार निर्माण गर्नुका साथै निर्माणाधिन कारयालय भवनको भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

# महोत्तरी जिल्ला खुला दिसामुक्त घोषणा हुँदै




जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख श्री सुरेश प्रसाद सिंह को नेतृत्वमा राष्ट्रिय सरसफाइ गुरुयोजना - २०६८ को मर्मलाई आत्मसात गर्दै वि.सं. २०७१ बाट खुला दिसामुक्त अभियानको थालनि भएको लाई वि.सं. २०७६ को मध्यतिर अभियानले सफलता प्राप्त गर्ने भएको छ । अभियानमा जनताकै लगानीमा हरेक घरमा सुरक्षित चर्पी निर्माण र प्रयोगलाई अभियानको मूल मान्यता का साथ सबै घरमा चर्पी निर्माण र प्रयोगको सुनिश्चितता भएमा वडा, पालिका हुँदै जिल्लालाई नै खुला दिसामुक्त घोषणा गरिने छ । यस जिल्लाका १५ वटा पालिकामध्ये १५ वटै पालिका खुला दिसामुक्त भइसकेका छन् भने यस जिल्लालाई यही भाद्र ३१ गते खुला दिसामुक्त घोषणाकालागि तिथि तय गरिएको छ ।

यो सफलता बारे बताउदै समन्वय समिति प्रमुख सिंह "जनताको चुल्हाचौकासम्म अभियान लिएर गयौं, उनीहरुमा चर्पीको आवश्यकता महशुस हुनेगरी बुझायौं र जनताले यो कुरा मनन गरे अनि चर्पीमा लगानी गर्न थाले ।" "तराई मधेसका जिल्लाहरुमा यो अभियानलाई सफल बनाउन निकै कठिन काम थियो । यस अभियानलाई सफल बनाउन महोत्तरीमा सहयोग गरिरहेका ग्लोबल स्यानीटेशन फण्ड/UN-Habitat, SNV Nepal, Unicef, Fund Board तथा स्थानीय सहयोगी संस्थाको रुपमा काम गरिरहेका रतौली युवा क्लव, नौलो घुम्ती नेपाल, प्याक नेपाल लगायतका संघसंस्थाको भूमिका अति महत्वपूर्ण रहेको छ ।"

"छिमेकीले चर्पी बनायो भने मैले किन नबनाउने, छिमेकीले चर्पीमा निलो ढोका राख्यो भने मैले किन नराख्ने" भन्ने जस्ता प्रतिस्पर्धा भएकाले यो सफलता छिट्टै हासिल गर्न सकिएको हो ।"

चर्पी बनाउन क्षमता भएर पनि नबनाउने अनि चर्पी भएर पनि दिसा गर्न बाहिरै जानेहरुका मानिसहरुको ब्यवहार परिवर्तन गर्न विहान साँझ गस्ती गर्ने, टर्च बाल्ने, सिठी फुक्ने र दण्ड जरीवाना गर्ने कार्यहरु पनि समुदायकै नेतृत्वमा संचालन गरिएको बताउछन् एस.एन.भि. नेपालका वास एडभाईजर चिरन्जीवी कोइराला ।

महोत्तरी खुला दिसामुक्त हुने विषयलाई महत्वपूर्ण उपलब्धीका रुपमा लिदै आगामी दिनमा बास्तविक रुपमा खुला दिसामुक्त घोषणाको मर्मलाई ब्यवहारिक रुपमा कार्यान्वयन गर्न सबै पक्षको निरन्तर पहल तथा खवरदारी भने उत्तिकै आवश्यक देखिन्छ । त्यसैगरी, दिसाजन्य लेदो ब्यवस्थापन, ठोस तथा तरल फोहोरमैला ब्यवस्थापन, डम्पिङ् साईट, सार्वजनिक शौचालयको निर्माण तथा ब्यवस्थापन, विद्यायका शौचालयको स्तारोन्नती, प्रयोगमैत्री शुलभ शौचलय आदि जस्ता अवधारणा र आवश्यकतामा निरन्तर काम गर्नुपर्ने देखिन्छ ।







# ADCCN and World Bank Consulted on the Context of Federalism Capacity Needs Assessment and Project Design

10th September 2019, ADCCN is thankful to Mr. Gabriel Dedu, Senior Governance Specialist who intrested ADCCN to discuss on the success stories of federalism execution since it started after local level election in 2017. Our team was lead by Spokesperson Mr. Nawaraj Gelal and accompanied by Executive Secretary General Mr. Krishna Chandra Neupane and IT Officer Mr. Dinesh Shrestha.




Welcoming to ADCCN team Mr Gaberil shared the recent report prepared by World Bank on "Federalism Capacity Needs Assessment (FCNA) and policy note. In brief, he shared captured issues and key recommendations for the project design. During the meeting ADCCN spokesperson Mr Gelal told that state restructuring process has bring changes in political landscape and governance system. Nepal government including all provincial and local level has started procedures for landing federal structure on track. All level Governments are busy for drafting basic laws, regulations, exploring and assessing activities to support citizen with the aims of credible public service delivery. Further mentiong he added that local level governments had intensified the areas for internal revenue generation, identification of projects that address citizens' demand/interest and also maintain inclusive distributive governance. He claimed the speedity on infrastructure construction, timely and comprehensive responses for the social cases and also initiation to mitigate, response to the disaster risk. He urged with World Bank's support to capacity building of ADCCN and other LGs associations to support for all level government both political leadership and bureaucrats that activate for the implementation of federalism is paramount. All 77 district co-ordinations committees are the credible institutions for effective monitoring, mentoring and co-ordination among and between local level, province level and federal level governments. He stress on the need of effective communication, sharing of credible factsheet with updated data and information. As per stipulated role in constitution all should be responsive on climate change effect mitigation, better utilization of natural resources and development and improvement of basic infrastructures of connectivity, access to basic services.



# राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय विष्णुमाया ओझा संग भेट

मिति २०७६ भाद्र १८ गते, जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष, महासचिव र प्राविघीक अधिकृतले राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय विष्णुमाया ओझा संग भेट गर्नुभयो । उक्त भेटमा महासंघ र आयोग विच हुनसक्ने सहयोगात्मक कार्यक्रमबारे छलफल गरियो । महासंघ अध्यक्ष सीता कुमारी सुन्दास र आयोग कार्यबाहक अध्यक्षज्यूहरुले वर्तमान अवस्थामा सरकार संचालन, सुशासन, सेवा प्रवाह, लक्षित वर्गको पहिचान तथा हकहित जस्ता कुरा र कानूनहरु निर्माणका क्रममा त्यस्ता अन्तरवस्तु समेटनुपर्ने पक्षहरुबारे विचार विमर्श भएको थियो । समावेशी आयोगको लागि जिल्लास्तरका सूचना तथ्यांक संकलन तथा अभिमूखीकरण कार्यहरु जिल्ला समन्वय समिति मार्फत संचालन गर्ने प्रक्रिया मिलाउन थप सम्बाद र भेटघाटलाई निरन्तरता दिने सहमति भएको छ ।



# जिल्ला समन्वय समिति मकवानपुरको
# वार्षिक जिल्ला समिक्षा वैठक




जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालज्यूको अध्यक्षतामा जिल्ला समन्वय समिति मकवानपुरको वार्षिक जिल्ला समिक्षा वैठक २०७६ भाद्र १२ गते प्रतिनिधि सभा सदस्य एवम् अर्थ समिति सभापति माननीय कृष्ण प्रसाद दाहालको प्रमुख आतिथ्यता सम्पन्न भयो। बैठकको उद्घाटन गर्दै अर्थ समिति सभापति दाहाले जिल्ला समन्वय समितिले समग्र जिल्लाको अभिभावकका रुपमा नेतृत्व गर्नुपर्ने बताउनु भयो ।



उहाँले स्थानीय तहले आफुले गरेका कामहरु प्रभावकारी बनाउन र जनतालाई नजिकको सरकारको अनुभुति दिलाउन सक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । जिल्ला समन्वय समिति मकवानपुरको सक्रियता र समन्वयकारी भुमिका प्रति खुसी व्यक्त गर्दै उहाँले स्थानीय तहहरुले जिल्ला समन्वय समितिलाई प्राप्त अधिकारको भरपुर उपयोग गर्नुपर्ने बताउनुभएको छ । समन्वय र सहकार्य महत्वपुर्ण कुरा भएको भन्दै जिल्ला समन्वय समितिले गरेका कृयाकलापहरु प्रभावकारी रहेको उहाँको भनाई थियो ।



कार्यक्रममा विशिष्ट अतिथी राष्ट्रिय सभा सदस्य माननीय रामचन्द्र राईले विकासलाई सन्तुलित र न्यायोचित बनाउनका लागि जनताको सहभागितात्मक अबधारणालाई अवलम्बन गर्नुपर्ने बताउनुभएको छ । उहाँले एक आपसमा अनुभव आदान प्रदान गर्दै सहयोग र समन्वय गर्दै काम गर्ने परमपराको विकास गर्नुपर्ने बताउनुभएको छ । उहाँले यस्तो गर्नाले स्रोत साधनको दोहोरोपना कम हुनुका साथै सुमचित परिचालनकालागि उपयोगि हुने धारणा व्यक्त गर्नुभएको थियो ।

समिक्षा कार्यक्रममा मकवानपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका माननीय सदस्यहरु उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलगायत जिल्ला स्थित सरकारी तथा गैर सरकारी संघ/संस्थाका प्रमुख एवम् प्रतिनिधिको सहभागिता रहेको थियो।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले जिल्लाको समग्र पक्षमा समन्वय सहकार्य गर्न कुनै कसर बाँकी नराख्ने बताउनुभएको छ । उहाँले ढुंगा गिट्टी बालुवाको मुल्य बृद्धि भएको भन्दै यसको व्यवस्थापनकालागि स्थानीय तहहरुले समिक्षा गोष्ठिमा घनीभुत छलफल गरेर निष्कर्ष निकाल्नु पर्ने बताउनुभयो । स्थानीय तह आँफै स्वायत्त निकाय भएकोले योजना तह देखि अन्तिम सम्मको विधि बनाएर काम गर्नु पर्ने खुलालको भनाई थियो । उहाँले कार्यकारीणी अधिकार सम्पन्न निकायले गर्ने कामहरु पारदर्शी र जनताको अपेक्षा अनुसारको हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । संघियताको अभ्यास गर्दै गर्दा स्थानीय तहहरुले सह अस्थित्व र सहकार्य भन्ने कुरालाई भने बुझ्न जरुरी रहेको उहाँको भनाई थियो । स्थानीय तहका जनप्रतिनिधिहरुले बितेको आर्थिक वर्षमा के गऱ्यौ भन्ने समिक्षा गर्दै अगाडी बढ्नु पर्ने र आलोचित हुने काम नगर्न सुझाव थियो । खोलाको प्रकृतिक स्रोत उपयोग गर्ने कुरा र क्रसर उद्योगसंचालन गर्ने कुरा फरक भएको भन्दै यसलाई जन प्रतिनिधिहरुले बुझ्न जरुरी रहेको बताउनुभयो । क्रसर उद्योगको उचित व्यवस्थापनका लागि हालकालागि उद्योग बन्द गरिएको भन्दै प्रमुख खुलालले क्रसर उद्योगहरु व्यवस्थित भएर संचालन हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा उपप्रमुख भगवति पुडाशैनीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो, भने समन्वय अधिकारी कपिल प्रसाद उपाध्यायले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य मुनु सिग्देल, कुमारी मोक्तान, प्रेम बहादुर पुलामी र जुनेली श्रेष्ठलगायत मकवानपुरका १० वटै स्थानीय तह, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघ/संस्थाले आर्थिक वर्ष २०७५/०७६ मा गरेका कामको प्रगति प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सहभागि स्थानिय तह तथा सरकारी तथा गैर सरुकारी संघ/संस्थालाई सुझाव समेत दिईएको थियो । प्रमुख खुलालले सबै निकाय बिच एक आपसमा सहकार्य हुन नसके समृद्धिको सपना साकार बनाउन मुस्किल हुने बताउनुभयो । उहाँले स्थानीय तहहरुले समयमै गाउँ परिषद गराउनु पर्ने, भिलेज प्रोफाईल बनाएर काम गर्नुपर्ने, साना साना टुक्रे योजना भन्दा पनि ठुला र देखिने खालका दिर्घकालिन योजनाहरु ल्याउनु पर्ने, ढुङ्गा गिटि बालुवाको व्यवस्थापन गर्दै नदि जन्य स्रोतको दाहनलाई रोक्नुपर्ने, गैरसरकारी संघसंस्थाहरुले स्थानिय तह संग समन्वय गरेर काम गर्नुपर्ने, कर्मचारी र जनप्रतिनिधिको विचमा सम्बन्ध सुमधुर हुनु पर्ने, सुझाव दिनुभएको थियो । प्रमुख खुलाले जिल्लामा देखा परेका कमी कमजोरीहरु औंल्याउदै समन्वय समितसंग गरिएको अपेक्षाका विषयहरुलाई सके सम्म समन्वय, सहजीकरण गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।



जिल्ला समिक्षा बैठकमा सहभागि तथा गाउँपालिकाका अध्यक्षज्युहरु



प्रमुखज्यू कार्यक्रममा अतिथि प्रमुख अतिथिहरुसंग सल्लाह गर्दै



प्रमुख अतिथिज्यू लाई मायाको चिनो दिंदै



थाहा नगरका मेयर लवशेर विष्ट र ईन्द्रसरोवरका अध्यक्ष जीवन लामा



हेटौंडा उप-महानगरपालिकाकी उपमेयर मिना लामा आफ्नो प्रस्तुतिमा व्यस्त



समिक्षा वैठकमा प्रमुखहरुको सहभागिता

# महासंघका केन्द्रिय सदस्य तथा उदयपुर जि.स.स. प्रमुख श्री खड्ग बहादुर परियार (दर्नाल)लाई शिक्षा मन्त्रालयको सम्मान






मिति २०७६ भाद्र २२ गते, ४० औं रास्ट्रिय शिक्षा दिवस २०७६ तथा अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा जिल्ला समन्वय समिति महासंघ नेपालका केन्द्रिय सदस्य तथा जि.स.स. उदयपुरका प्रमुख श्री खड्ग बहादुर परियार (दर्नाल)लाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सम्मान गरेको छ । संघीय राजधानी काठमाण्डौमा आयोजना गरिएको एक कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख दर्नालाई सम्मान गरिएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार उदयपुरलाई देशकै ४८ औं साक्षर जिल्ला घोषणा गर्न सफल भएको भन्दै उप्र-धानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलज्यूले प्रशंसा-पत्र मार्फत सम्मान गरिएको हो । शिक्षा मन्त्रालयका सचिव श्री महेशप्रसाद दाहालले भने उदयपुरमा जिल्ला समन्वय समिति प्रमुखको जम्मेवारी श्री खड्ग बहादुर परियार (दर्नाल)ले सम्हालेपछि उदयपुर साक्षर जिल्ला घोषणा हुन सफल भयो, जुन उहाँको काम प्रशंसनीय छ । शिक्षा मन्त्रालयले आयोजना गरेको कार्यक्रममा उदयपुर सारक्षा जिल्ला घोषणा भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेल, उप-प्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल लगायतका वक्ताहरु खुलेरै प्रशंसा समेत गरेका थिए ।

शिक्षा मन्त्रालको सम्मान पाएपछि उदयपुरको शिक्षा क्षेत्र लगायतका विकासमा फरक ढंगले अगाडी बढाउने प्रमुख दर्नालले बताएका छन । उहाँले मलाई मात्र सम्मान गरेको होईन, यो समग्र उदयपुरलाई गरेको सम्मान हो,' उनले भने, जिल्लाको विकास निर्माणको लागि स्थानीय, प्रदेश र संघीय सरकारको सयुक्त हातेमालो हुँदै जाने छ भन्नुभयो ।

# जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन, गतिविधि तथा अन्य

## जिल्ला समन्वय समिति नुवाकोट









मिति २०७६।०४।३१ गते जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङज्यूको अगुवाईमा नुवाकोट जिल्लाको तादी तथा त्रिशुली नदिमा अवैधरुपमा नदिजन्य पदार्थको उत्खनन तथा ओसापसार भएको भन्ने सम्बन्धमा उल्लेखित स्थानहरुको अवलोकन तथा अनुगमनको क्रममा नदि किनारामा उल्लेखित कार्यको लागी प्रयोग गरिएका स्काईभेटरहरुमा ताला लगाउने क्रममा नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अबि नारायण काफ्ले, स.प्र. बलका प्रमुख स.प्र.ना.उ. लगायत अन्य सरोकारवाला निकाय सहितको टोली ।

## जिल्ला समन्वय समिति गोरखा






गोरखा जिल्लामा मानव बेचविखन विरुद्धको सप्ताहव्यापी कार्यक्रममा जिल्ला समन्वय समिति गोरखाका उप-प्रमुख

## जिल्ला समन्वय समिति दैलेख





जिल्ला समन्वय समिति दैलेखको आयोजनामा मिति २०७६ भाद्र १४ देखि १९ गतेसम्म जिल्लाका सबै स्थानीय तहका गणक तथा सुपरिवेक्षकहरुको गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी तालिम सम्पन्न भयो ।

## जिल्ला समन्वय समिति भक्तपुर





मिति २०७६ भाद्र १७ गते, जि.स.स. भक्तपुरका प्रमुख श्री नवराज गेलालज्यूको अध्यक्षतामा बैठक बसी जिल्लामा देखियको डेंगु लामखुट्टे नियन्त्रण गर्न स्थानिय तहसंग सहकार्य गरि प्रचार प्रसार गर्ने तथा रोकथाम गर्ने निर्णय भयो ।

## जिल्ला समन्वय दोलखा




मिति २०७६ भाद्र २३ गते, जिल्ला समन्वय समिति दोलखाको वार्षिक समीक्षा कार्यक्रम संघीय सरकारका माननीय सदस्य पार्वत गुरुङ्गको प्रमुख आतित्थ्यतामा सम्पनन भएको छ ।

## जिल्ला समन्वय समिति सप्तरी





मिति २०७६ भाद्र १२ र १३ गते, जिल्ला समन्वय समिति सप्तरीको आ.व. २०७५/०७६ को वार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न ।

## जिल्ला समन्वय समिति स्याङ्जा






मिति २०७६ भाद्र २६ र २७ गते जि.स.स. स्याङ्जाको प्रमुख श्री सीता कुमारी सुन्दासज्यूको अध्यक्षतामा प्रतिनिधि सभा माननीय अम्रिता थापाज्यूको प्रमुख आतित्थ्यतामा आ.व. २०७५/०७६ को वार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न भएको छ ।

*सम्पादन : कृष्णचन्द्र न्यौपाने, सामग्री संकलन तथा लेआउट : दिनेश श्रेष्ठ*

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np